# देवचुली नगरपालिका

## प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## गण्डकी प्रदेश, नेपाल

# आ.व. ०७६/०७७ को श्रावण देखि माघ मसान्तसम्मको

# प्रगति प्रतिवेदन २०७६

# वित्तीय प्रगति

| क.सं. | शाखाको नाम | विनियोजन रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि शाखा | ८२ लाख ३२ हजार | २९ लाख ७२ हजार | ३६.१० |
| २ | पशु सेवा शाखा | ५२ लाख २० हजार | १३ लाख ५८ हजार | २६.०२ |
| ३ | श्रम तथा रोजगारी शाखा | ४ लाख ७७ हजार | ३ लाख २ हजार | ६३.३१ |
| ४ | सहरी विकास तथा भवन निर्माण शाखा | १ करोड २६ लाख ५९ हजार | ४७ लाख ८० हजार | ३७.७६ |
| ५ | योजना तथा पूर्वाधार शाखा | १८ करोड ४३ लाख ९९ हजार | ५ करोड ४० लाख ३४ हजार | २९.३० |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक शाखा | ८ करोड ७२ लाख १४ हजार | ३ करोड ४६ लाख ५७ हजार | ३९.७४ |
| ८ | संचार तथा सूचना प्रविधि शाखा | ४ लाख २९ हजार | १ लाख ५४ हजार | ३५.९० |
| ९ | आर्थिक विकास शाखा | २ करोड ४३ लाख ३७ हजार | ५६ लाख २५ हजार | २३.११ |
| १० | सामाजिक विकास शाखा | १४ करोड ९७ लाख ५५ हजार | ६ करोड ६ लाख ३ हजार | ४०.४७ |
| ११ | स्वास्थ्य शाखा | ५ करोड ६२ लाख २८ हजार | १ करोड ८५ लाख २२ हजार | ३२.९४ |
| १२ | शिक्षा शाखा | १९ करोड ३१ लाख ८ हजार | ११ करोड २२ लाख ९२ हजार | ५८.१५ |
| **सम्पूर्ण शाखाको योजनाको जम्मा** | | **७२ करोड २० लाख ५८ हजार** | **२९ करोड ५२ लाख ९९ हजार** | **४०.९०** |

**गत वर्ष यसै अवधिमा २७% खर्च भएकोमा यस वर्ष ४०% खर्च भैसकेको छ ।**

# योजना प्रगति

| सि. न. | विवरण | जम्मा संख्या | सम्झौता संख्या | ठेक्कामा गएको संख्या | भुक्तानी भएका | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगरस्तरीय योजना | ९८ | ४६ | १२ | ६ | ३४ बाँकी |
| २ | वडास्तरीय योजना | ३४८ | १६८ | १३ | ३६ | १३१ अपडेट |
| ३ | क्रमागत योजना | ३२ | ९ | १३ | ६ | १० बाँकी |
| ४ | सडक बोर्ड तर्फ योजना | ५ | ० | ० | ० | कायान्वयन प्रकियामा |
| ५ | संघीय सरकारका योजना | ३ | ० | ० | ० | कायान्वयन प्रकियामा |
| ६ | स्थानीय पूर्वाधार विकास कार्यक्रम (संघीय) | १० | १ | ० | ० | ९ बाँकी |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २१ | ० | ० | ० | तयारी हुँदै |

# भौतिक प्रगति

- सडक कालोपत्रे – करिब ११ कि.मी. ठेक्का प्रक्रियामा रहेको, कार्यान्वयनको चरणमा
- नाला तथा साईड वाल निर्माण – करिब ५.५ कि.मी.
- ग्राभेल सडक – करिब ७ कि.मी.
- कल्भर्ट – १५ वटा
- वडा कार्यालय लगायत अन्य सार्वजनिक भवन निर्माण – १० वटा
- झोलुङ्गे पुल – १ वटा (वडा नं. १२ र ५ को सिमानामा)
- खानेपानी ट्याङ्की – २ वटा
- खानेपानी पाईप लाईन विस्तार – करिब ३.५ कि.मी.(वडा नं.३ र १४)

# व्यक्तिगत घटना दर्ता विवरण

| सि.न. | जन्मदर्ता | मृत्युदर्ता | विवाह दर्ता | बसाई सराई | | सम्बन्ध विच्छेद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आएको | गएको | | |
| १ | ९४८ | २३४ | ३५९ | १५० | ४५ | ३१ | |

## सामजिक सुरक्षा भत्ता : (पहिलो चौमासिकमा)

- ✓ लाभग्राही संख्या : रु.४,३७४ (चार हजार तिन सय चौरहत्तर जना)
- ✓ निकासा रकम : रु.४,११,४९,८००।– (चार करोड एघार लाख उनान्पचास हजार आठ सय रुपैयाँ)

**अपाङ्गता परिचयपत्र वितरण** : जम्मा ५३७ (महिला २२६, पुरुष ३११)

**व्यवसाय दर्ता संख्या** : ५६१

## न्यायिक समितिको कार्यसम्पादन :

- ✓ दर्ता भएको मुद्दा संख्या : ३१ वटा
- ✓ मिलापत्र भएका मुद्दा संख्या : ९ वटा
- ✓ फैसला भएका मुद्दा संख्या : ४ वटा
- ✓ फैसला हुन बाँकी मुद्दा संख्या : १८ वटा

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- संघीयताको मर्म बमोजिम जनताको घरदैलोबाट सेवा प्रवाह गर्न ६ वटा (वडा नं. ४, ५, ६, ८, ९ र १७) वडा कार्यालय भवन निर्माण गरी वडागत रुपमा कर्मचारी खटाइ सेवा सञ्चालन शुरु गरिएको, ५ वटा (वडा नं. २, १०, ११, १३ र १४) निर्माणाधिन रहेको ।
- नगर प्रोफाईल तयार गरिएको जसबाट जनसाङख्यिक विवरण अध्यावधिक भई भावि यथार्थ योजना निर्माणको आधार तयार भएको । सोही आधारमा ब्रोसर समेत तयार गरिएको ।
- नागरिकलाई नगर तथा वडाबाट प्रवाह हुने सेवा तथा सुविधाको प्रक्रियाबारे जानकारी गराउन एक घर एक नागरिक वडापत्र विवरण कार्य प्रारम्भ गरिएको ।
- विद्यालयहरुमा नैतिक शिक्षा अनिवार्य गर्नुका साथै सामाजिक शिक्षा अनिवार्य रुपमा नेपाली भाषामा अध्यापन गराउनुपर्ने नीति कार्यान्वयन गरिएको ।
- नागरिक शिक्षाको पाठ्यक्रम तयारीको क्रममा रहेको ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- ❖ नगरपालिका कार्यालयमा सभाहल निर्माण गरी व्यवस्थित गरिएको ।
- ❖ देवचुली नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत विषयगत शाखामा विद्युतीय हाजिरी प्रणाली सुचारु गरिएको ।
- ❖ कर्मचारीको पद अनुरुप कार्यजिम्मेबारी तोकी दैनिक कार्यसम्पादनको यथार्थ जानकारी राख्नको लागि दैनिकी पुस्तिका तयार गरी लागू गरिएको ।
- ❖ नगरपालिकाले सेवा प्रवाह गर्ने सम्पूर्ण वडा, विषयगत शाखामा इन्टरनेट सेवाको पहुँच पुगेको ।
- ❖ नगरपालिकाका पहाडी (दुर्गम बस्तीका जेष्ठ नागरिक, अपाङ्ग र बालबालिकाको लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरी निशुल्क औषधि वितरण गरिएको ।

## सम्पादन गरिएका मुख्य कार्यहरु :

- पाठेघरको क्यान्सर रोकथामका लागि स्क्रिनिङ क्याम्पू, पोषण स्क्रिनिङ तथा सञ्चार सचेतना र डेंगु नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको ।
- उन्नत घाँस विउ वितरण, रोग निरोधक खोप सेवा, कृतिम गर्भाधान लगायतका नियमित कार्यक्रम साथै कुखुरा पालन तालिम र गाई भैंसी पालन तालिम सञ्चालन गरिएको ।
- कागती तथा च्याउ खेती तलिम सञ्चालन भएको ।
- मानव बेचबिखन सम्बन्धी अभिमुखिकरण, लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान विषयक अभिमुखिकरण लगायतका कार्यक्रम सञ्चालन गरिएको ।
- शिक्षा दिवशको अवसरमा विभिन्न विधामा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष र विद्यार्थीलाई पुरस्कार वितरण गर्ने कार्यको थालनी गरिएको ।

## सम्पादन गरिएका मुख्य कार्यहरु :

- जनप्रतिनिधी र कर्मचारीलाई विभिन्न तालिम सञ्चालन गरिएको ।
- देवचुली १३, दलदले बजार पूर्व बौलाहा खोला किनारमा ३ बिघा सार्वजनिक जग्गा संरक्षण गरिएको ।
- देवचुली पर्यटन पूर्वाधार तयारीको क्रममा रहेको (वुलिङटार गाउँपालिकासँग सहकार्य गरी सडक निर्माण र देवचुली नगरपालिकाबाट खानेपानी लिफ्टिङ) गरी साझेदारी कार्यक्रमको अभ्यास गरिएको ।
- केउरेनी (दाहसंस्कार) घाट पूर्वाधार निर्माण शुरु गरिएको ।
- लोकाहा खोला किनारमा औद्योगिक ग्राम प्रस्ताव गरि पूर्वाधार लगानीको अन्तिम चरणमा पुगेको ।
- सडक पिचको मापदण्ड, नगर दररेट, निजी घर निर्माण गर्ने ठेकेदार सूचिकृत र घर निर्माण लागत तथा नक्सा निर्माण शुल्क नक्सा पासको लागि दिइने निवेदनमा समावेश गरी घरधनी संरक्षण गर्ने कार्य प्रारम्भ गरिएको ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- कम्तीमा एक वडा एक योजना डि।पि।आर। तयार पारिएको, नगर क्षेत्र भित्रका ४ वटै खोला, घुमाउरी र तीनकन्या पार्क निर्माणको डि.पि.आर. तयार गरिएको ।
- बौलाहा खोलाको देउसत बाँध माथि ढुङ्गा गिट्टी झिक्न आई.ई.ई. पास भएको, चुरेबाट पास हुने क्रममा रहेको ।
- २० लाख बढीको योजनामा ई-टेन्डर गर्ने गरिएको यसबाट विकास निर्माणमा तिब्र प्रतिस्पर्धा भै सस्तो र गुणस्तरीय रुपमा योजना कार्यान्वयन प्रारम्भ गरिएको ।
- संघीय सरकारको सहयोगमा १७ नं. वडामा सुरक्षित आवास र वडा नं. १० मा फोहर व्यवस्थापन स्रोत केन्द्र निर्माण प्रक्रिया शुरु गरिएको ।
- पृथ्वी मा।वि।मा माटो परिक्षण प्रयोगशाला स्थापना गर्न सामग्री खरिद सहयोग उपलब्ध गराइएको ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- नगरकार्यपालिका बैठकले दुम्कौली प्राथमिक केन्द्रलाई १५ शैयाको नगर अस्पताल र रजहर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तर उन्नति गर्ने निर्णय गरेको ।
- गण्डकी प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा वडा नं. १३ दलदले बजार पूर्व बौलाहा खोला पश्चिममा कृषि उपज संकलन केन्द्र र कोल्ड रुम स्थापना भैसकेको ।
- दलदले धौबादी सडक खण्ड अन्तर्गत मुण्डे कुमसोत ६ कि।मि। खण्ड २ लेनको बनाउन डि.पि.आर. र आई.ई.ई. तयार गरी सम्बन्धित संघीय र प्रदेश मन्त्रालयमा पेश गरिएको ।
- वडा नं. १० को लोकाहा खोला किनारको खेल मैदानलाई नगरस्तरीय रङ्गशाला निर्माणको लागि डि.पि.आर तयार गरी संघीय युवा तथा खेलकुद मन्त्रालयमा प्रस्ताव गरिएको ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- सङ्घीय सरकारको सहयोगमा सवै वडामा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण प्रक्रिया शुरु गरिएको र यस आ।व।मा केही वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिने ।
- विकास निर्माणको लागि सामग्री उपलब्ध गराउन चितवन राष्ट्रिय निकुञ्जसँग समन्वय गरी महेन्द्र राजमार्गको दक्षिणतर्फबाट खोलाको ग्राभेल, ढुङ्गा, गिट्टि उठाउने व्यबस्था मिलाईएको ।
- गण्डकी प्रदेश सरकारको सहयोगमा नेपाल विद्युत प्रधिकरण मार्फत विभिन्न वडामा करिब ७ करोड बराबरको विद्युतिकरण कार्य भैरहेको ।
- गण्डकी प्रदेश सरकारको योजनाको रुपमा दिव्यपुरी लगायतका खानेपानी आयोजनाहरु क्रमागत रुपमा सञ्चालनमा रहेका ।
- प्रदेश सरकारबाट मुण्डे किर्तिपुर सडक निर्माण कार्य शुरु भएको ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- नगरक्षेत्र भित्रका ११ खेलमैदानको स्तरोन्नति कार्य प्रारम्भको चरणमा रहेको ।
- प्रदेश सरकारको सम्बन्धित मन्त्रालयबाट कृषि तथा पशु सेवा विकासका लागि अनुदान प्राप्त भएको ।
- कृषि र पशु व्यवसाय प्रवर्द्धनको लागि घाँसको बीउहरु लगायतको सेवा उपलब्ध गराईएको ।
- कुकुरको निःशुल्क वन्धाकरण र रेविज सुई लगाउनका लागि ४ दिने शिविर सञ्चालन गरिएको ।
- अघिल्लो पुस्ता र अहिलेको पुस्ताको अनुभव र सिप आदानप्रदान गर्ने उद्देश्यले अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सम्पन्न ।
- प्रत्येक वडाका २/२ जनाको दरले मेलमिलाप कर्ता तालिम सम्पन्न ।

# सम्पादन गरिएका मुख्य कार्यहरु :

- लोकाह खोला पश्चिम पट्टि उद्योग ग्राम निर्माणको प्रक्रिया अगाडि बढाइएको ।
- नगरको सडक पिचको मापदण्ड निर्धारण गरिएको
- नगर दर रेट तयार गरिएको ।
- नियमित रुपमा कार्यपालिका बैठक, कर्मचारी बैठक, प्रा।अ। बैठक, स्वास्थ्यकमीको मासिक बैठक बस्ने गरेको ।
- जनप्रतिनिधी र कर्मचारीलाई विभिन्न तालिम सञ्चालन गरिएको ।

# देवचुली नगरपालिकाबाट जारी भएका ऐन, नियम र कार्यविधिहरु

## जारी भएका ऐन,

- स्थानीय राजपत्रको ढाँचा
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७५
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन-२०७५
- प्रमाणिकरण ऐन-२०७६
- फोहरमैला व्यवस्थापन ऐन- २०७६
- निजी सार्वजनिक साझेदारी ऐन -२०७६
- नगर शिक्षा ऐन - २०७६
- नगर विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन-२०७६
- सहकारी ऐन-२०७५

# कार्यविधि

- नगर सभा संचालन कार्यविधि-२०७४
- नगर कार्यपालिका (कार्य विभाजन) नियमावली-२०७४
- नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली -२०७४
- स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि -२०७५
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि -२०७५
- बालगृह सञ्चालन सञ्चालन कार्यविधि -२०७५
- बाल विवाह विरुद्ध कार्यक्रम सञ्चालन कार्यविधि -२०७५
- अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि -२०७५
- स्थानिय तहका स्वास्थ्य संस्था दर्ता,अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका-२०७६
- आर्थिक सहायतता वितरण कार्यविधि - २०७६

# कार्यविधि

- कृषक समूह गठन तथा परिचालन कार्यविधि -२०७६
- पशु तथा पशुजन्य उत्पादनमा अनुदान कार्यविधि-२०७६
- बजार अनुगमन तथा संरक्षण कार्यविधि-२०७६
- करारमा प्राविधिक कर्मचारी राख्ने कार्यविधि-२०७६
- संस्था दर्ता तथा नविकरण कार्यविधि-२०७६
- व्यवसाय दर्ता तथा नविकरण निर्देशिका
- विदा पर्यटन कार्यविधि- २०७६

# आ.व २०७६/७७मा कार्यान्वयन गर्न बाँकी कार्यहरु :

- ६०% विकास निर्माण कार्य सम्पन्न गर्न ।
- स्थानीय पूर्वाधार विकास कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन ।
- एक घर एक फलफूलको विरुवा लगाउने कार्य केही वडामा बाँकी ।
- कृषि विद्युत मिटर १०% अनुदान र दुधमा ०.५० पैसा अनुदान कार्यविधि निर्माण ।
- सार्वजनिक जग्गा संरक्षण कार्यमा तिब्रता दिन नसकिएको ।
- बाबुआमाको नाममा आफ्नो तलबको १०% रकम जम्मा गर्न ।
- कार्यसम्पादनमा आधारित सुविधा ।
- सुविधा सहितको १ हप्ते पर्यटन काज ।

# कार्यान्वयन गर्न बाँकी कार्यहरु :

- राजस्वको अग्रिम बिल घरघरमा पुर्याउने तथा राजस्व सुधार योजना ।
- कोशेली घर निर्माण प्रयास भएको तर स्थानीय उत्पादन उपलब्ध हुन नसकेको ।
- करदाता शिक्षा ।
- बजार अनुगमन र उपभोक्ता हित संरक्षण ।
- गुट्खा र झोला नियन्त्रण ।
- लागू औषध र दुर्व्यसनी नियन्त्रण ।
- स्वास्थ्यको लागि सरसफाई अभियान ।
- निशुल्क नक्सा उपलब्ध गराउने ।

## समस्याहरु :

- प्राविधिक जनशक्ति अति न्यून भएकाले नागरिकको गुनासो अझै बाँकी रहेको ।
- जनशक्तिको क्षमता विकासमा लगानी बढाउन पर्ने ।
- कानुन, राजस्व र वातावरण अधिकृतको अभाव ।
- घर नक्सा पास तथा घर निर्माणमा कानुन बमोजिम नागरिक स्तरमा र जनप्रतिनिधी र कर्मचारीको बुझाईमा एकरुपता कायम गर्न नसकिएको ।
- राजस्वको क्षमता र क्षेत्र आंकलन गर्न नसकिएको ।
- शिक्षा, स्वास्थ्य, कृषि र पशु सेवा क्षेत्रलाई व्यवहारमा मूख्य प्राथमिकताको क्षेत्र बनाउन नसकिएको ।
- मानवीय तथा सामाजिक विकासका सूचकमा लगानी बढाउने प्रयास नभएको ।

## सम्भावनाहरु :

- ✓ संघीय र प्रदेश सरकारसँग थप सहयोग लिन सकिने ।
- ✓ राजस्व सुधार गरी आन्तरिक आय बढाउन सकिने ।
- ✓ सामुदायिक परिचालन मार्फत सरसफाई, दुर्व्यसनी नियन्त्रण, विभेदको न्यूनिकरण हुने ।
- ✓ जनशक्ति पूर्ण, दक्ष र उत्प्रेरित भै सेवा प्रवाह थप प्रभावकारी हुने ।
- ✓ असारे विकासमा न्यूनिकरण हुने, धेरै योजना असार अघि नै सकिने ।
- ✓ विकासमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि हुने ।
- ✓ पूर्वाधार विकासमा गुणस्तर कायम हुने ।
- ✓ नगर गुरुयोजना निर्माण गर्ने ।

# धन्यवाद !